आज मिति २०७७ आश्विन ३० गते शुक्रबारका दिन बिहान ८.०० बजे यस लमही नगरपालिकाका नगरप्रमुख श्री कुलबहादुर के.सी.ज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कुल बहादुर के.सी. | नगर प्रमुख | |
| २ | श्री देवका बेल्बासे | नगर उपप्रमुख | |
| ३ | श्री तुमराज पौडेल | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेपालु चौधरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री बाबुराम चौधरी | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री सुवाश न्यौपाने | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री विम बहादुर के.सी. | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री गणेशमान चौधरी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री मोहन गिरी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री मेघनारायण चौधरी | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री भेष बहादुर के.सी. | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राधा देवी के.सी. | नगर कार्यपालिका सदस्य | |
| १३ | श्री नारायणी खड्का | नगर कार्यपालिका सदस्य | |
| १४ | श्री अनिता चौधरी | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री पार्वती विश्वकर्मा | नगर कार्यपालिका सदस्य | पार्वती |
| १६ | श्री सुनिता कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री बम बहादुर विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री ठगे नेपाली | नगर कार्यपालिका सदस्य | ठगे नेपाली |
| १९ | श्री रमेश कुमाल | नगर कार्यपालिका सदस्य | |
| २० | श्री नोखिराम ओली | सचिव | |

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही, दाङ लुम्बिनी प्रदेश, नेपाल

Scanned with CamScanner

## मिति २०७७।०६।३० गते बसेको नगर कार्यपालिका बैठकको निर्णयहरु :

लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमही, दाङ
लुम्बिनी प्रदेश, नेपाल

**निर्णय नं. १ :** लमही नगरपालिका भित्र व्यवसाय संचालन तथा दर्ता प्रक्रिया तथा व्यवसाय कर संकलनलाई थप व्यवस्थित बनाउन पेश भएको **व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७७** स्वीकृत गरी लागु गर्ने ।

**निणर्य नं. २ :** लमही नगरपालिका वडा नं. ६ कसियापुर स्थित प्रगतिशिल कृषि समूहको निवेदन अनुसार २०६६ साल देखि सोहि ठाउँमा कृषि परियोजनामा विद्युतबाट पानि तानि खेति गर्दै आएकोमा मिति २०७७।०५।२० गते आगलागि भई विद्युत ट्रान्सफर्मर जलेकाले ट्रान्सफर्मर खरिदको लागि आर्थिक सहयोग माग भई आएकोले सम्बन्धित वडा कार्यालयको सिफारिस भई आएमा समपुरक कोषबाट उक्त कृषि समूहलाई ट्रान्सफर्मर खरिदको लागि रु. ४(चार) लाख रकम प्रदान गर्ने ।

**निर्णय नं. ३ :** लमही नगरपालिका भित्र अवैध रुपमा नदीजन्य पदार्थ उत्खनन् कार्य निरुत्साहित गर्न जिल्ला अनुगमन तथा समन्वय समिति दाङको मिति २०७५।०२।०९ को तपशिल बमोजिम निर्धारण गरिएको जरीवाना रकम सम्वन्धी निर्णय अनुसार असूली गर्ने तथा उक्त असूली भएको रकमको विस प्रतिशतले हुन आउने रकम त्यस्तो असूलीमा सहयोग गर्ने नियामक निकाय प्रहरीलाई प्रदान गर्ने । साथै नदीजन्य पदार्थको रोयल्टी वापत प्रति ट्र्क्याटर रु ८०० लिने ।

**तपसिल**

**सवारी साधनको नाम तथा जरिवाना रकम** (रु.मा)

| | |
|---|---|
| १. जे.सी.बी. ७५,०००।- | २. एक्जाभेटर १,००,०००।- |
| ३. टिप्पर ५०,०००।- | ४. ट्रक ५०,०००।- |
| ५. ट्याक्टर २०,०००।- | ६. पावरटिलर ५,०००।- |

साथै, पटक पटक उही कार्य दोहोऱ्याएमा प्रत्येक पटक दोब्बरका दरले अशुल उपर गर्ने र नदीजन्य पदार्थको उत्खनन गरे वापत राजश्व उठाउने जिम्मेवारी पाएका व्यवसायीले आफ्नो क्षेत्राधिकार भन्दा अन्यत्रको नदिजन्य पदार्थको राजश्वको रसिद काट्ने व्यवसायीलाई माथि उल्लेख भए अनुसारको जरिवाना गर्ने ।

**निर्णय नं. ४ :** लमही नगरपालिका वार्ड नं. ७ बस्ने ओम बहादुर पुनमगरले सुखलाल चौधरीको नाममा लमही न.पा.-७ साविक सतवरिया गा.वि.स. वडा नं. २ (ख) को कित्ता नं. ४९४ मा दर्ता श्रेष्तामा रहेको जग्गा सम्याई निस्कने माटो लमही नगरपालिका-७, कमानपुर सम्म ढुवानी गरी माटो भर्नको लागि ७ नं. वडा कार्यालयको सिफारिस पत्र सहितको निवेदन दिएको र मिति २०७६।११।०२ गतेको कार्यपालिका बैठकले प्रदेश नं. ५ को नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ को परिच्छेद ४ दफा १२ (४) मा भएको व्यवस्था बमोजिम सो कार्यको लागि जिल्ला अनुगमन तथा व्यवस्थापन समिति समक्ष सिफारिसको लागि पेश गर्ने भन्ने निर्णय अनुसार यस कार्यालयको च.नं. २३६३ मिति २०७६।११।०७ गतेको पत्रवाट जिल्ला अनुगमन तथा व्यवस्थापन समिति, जिल्ला समन्वय समितिको कार्यालय घोराही, दाङसमक्ष अनुमति उपलव्ध गराईदिनु हुन भनि सिफारिस पठाएको तर तहाँ कार्यालयवाट अनुमति नआएकोले हालसम्म सो कार्यसमेत

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

नभएकोले निवेदक ओम बहादुर पुनमगरले मिति २०७६।११।०७ मा यस कार्यालयको राजश्व उपशाखामा रसिद नं. ९५३ अनुसार माटो ढुवानी प्रवेश शुल्क वापत जम्मा गरेको रु ४८,०६८।-(अड्चालिस हजार अठसट्ठि मात्र) यस कार्यालयमा नगदै जम्मा गरेको र जिल्ला समन्वय समितिबाट माटो संकलन तथा ओसारपसार अनुमति प्राप्त हुन ढिलो भएको हुँदा सो कार्य नगर्ने भनि जम्मा गरेको ४८,०६८ रुपैयाँ फिर्ता पाँउ भनि मिति २०७७।०६।०९ मा यस कार्यालयमा निवेदन निवेदन पेश गरेको र ७ नं. वडा कार्यालयको च.नं. २९८ मिति २०७७।०६।०८ को पत्रवाट कार्य नभएको कारण रकम फिर्ता गर्नको लागि सिफारिस समेत भई आएकाले रकम जम्मा अघिल्लो आर्थिक बर्षमा गरेको भएतापनि काम नभएका कारण जम्मा गरेको रकम चालु आ.व.मा दिनुपर्ने यस कार्यपालिका बैठकले ठहर गरेको हुदाँ निवेदकले जम्मा गरेको उक्त रकम फिर्ता दिन स्वीकृति प्रदान गर्ने र सो कार्यलाई अनुमोदनको लागि आगामि नगरसभामा पेश गर्ने ।

**निणर्य नं. ५ :** मिति २०७७।०६।०४ को कार्यपालिका बैठकको निर्णय अनुसार लमही नगरपालिका क्षेत्र भित्रवाट जटिबुटी, कवाडि तथा प्रचलित कानुनले निषेधित बाहेकका मृत वा मारिएका जिवजन्तु अवशेष(आखेटोपार)को व्यवसायीक उपयोगमा लाग्ने कर सङ्कलनको लागि न्युनतम रु. ३ लाख (मु.अ.क.बाहेक) अंक राखि सिलवन्दी दरभाउपत्रको माध्यमवाट ठेक्का बन्दोवस्त गर्न १५ दिने सूचना जारी गरिएकोमा अन्तिम म्यादसम्म ३ भन्दा कम (२ वटा मात्र) दरभाउपत्र दर्ता भएकाले आवश्यक संख्या नपुगेको हुदा पुन: १५ दिने सूचना दोस्रोपटक आव्हान गरी सो अनुसार पेश हुन आउने दरभाउपत्रमध्यवाट ठेक्का बन्दोवस्त गर्ने ।

**निर्णय नं. ६ :** लमही नगरपालिका वडा नं. ५ निवासी श्री मदन के.सी.ले यस नगरपालिकाको वडा नं. ४ मा जग्गा भाडामा लिई घरेलु ईट्टा उद्योग संचालन अनुमतिका लागि निवेदन पेश गरेकोमा **लमही नगरपालिका इट्टा उधोग स्थापना तथा संचालनको लागि सिफारिस गर्ने सम्बन्धी कार्यविधि, २०७५** को दफा ५ मा भएको दावी विरोधको सूचना प्रकाशन गर्ने व्यवस्था अनुसार निवेदकको माग बमोजिम उद्योग स्थापना तथा संचालन गर्दा सो क्षेत्रको साँध संधियार तथा त्यस वरिपरिका मानिसहरुलाई वा त्यस क्षेत्रको वातावरणमा उक्त उद्योग स्थापनाबाट कुनै प्रकारको हानी नोक्सानी पुग्न जाने भए उजुरी दिन १५ दिने सूचना प्रकाशन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई स्वीकृति दिने ।

**निर्णय नं. ७ :** पशुसेवा तथा कृषि विकास उपशाखाबाट चालू आ.व.मा खरिद गर्नुपर्ने विउविजन तथा सामग्रीको लागि नगरपालिकाको आन्तरिक दररेट कायम गर्न छुट भएकाले देहायका बस्तुको लागि तपसिल अनुसारको नगर दररेट कायम गरी आवस्यक पर्ने परिमाण वार्ताद्धारा सोझै खरिद गर्ने ।

क) बर्षिम घाँसको बिउ प्रतिकेजी रु. ३३५।-

ख) गहुँको बिउ प्रतिकेजी रु. ७०।-

**निर्णय नं. ८ :** चालु आ.व.को नीति तथा कार्यक्रमको बुँदा नं. ३२ मा रोग प्रतिरोधात्मक क्षमता बढाउने तथा विकार निर्मूलपार्ने आयूर्वेद सेवालाई बढावा दिन दक्ष कविराजको व्यवस्था गरी आयूर्वेद चिकित्सा पद्दतिप्रति जनमानसमा आकर्षण पैदा गर्ने भन्ने नीति उल्लेख भए अनुसार चालू आ.ब.को बजेटमा भएको कविराज तथा औषधी व्यस्थापन कार्यक्रमको लागि सोहि कार्यक्रमबाट पारिश्रमिक तथा अन्य सुविधा उपलब्ध गराउने गरी सहायक स्तर पाँचौं सरहको कविराज पद संख्या १(एक) र कार्यालय सहयोगी पदसंख्या १(एक) स्वीकृति प्रदान गर्ने । साथै, उल्लेखित पदहरुमा प्रतिस्पर्धाद्धारा करार सेवाको रुपमा पदपूर्ति गर्न **लमही नगरपालिकामा करार प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५** बमोजिम पदपुर्ति प्रक्रिया अगाडी बढाउने ।

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही, दाङ लुम्बिनी प्रदेश, नेपाल

Scanned with CamScanner